STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ १९ गते बुधबार ❑ 2 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## भ्रष्ट्राचार नियन्त्रणमा सरकार प्रतिबद्धः प्रधानमन्त्री

**रासस**
**काठमाडौं, १८ माघ**

प्रधानमन्त्री शेरबहादुर देउवाले भ्रष्ट्राचार नियन्त्रण गर्न सरकार प्रतिवद्ध रहेको बताउनुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार राष्ट्रिय सतर्कता केन्द्रको वार्षिक प्रतिवेदन बुझ्दै प्रधानमन्त्री देउवाले भ्रष्ट्राचार नियन्त्रणका लागि केन्द्रले चालेका कदमप्रति सरकारको सदैव साथ रहने बचन दिनुभयो । उहाँले भ्रष्ट्राचार नियन्त्रणका लागि केन्द्रले सरकारलाई दिएको सुझावको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विश्वास दिलाउनुभएको सतर्कता केन्द्रका उपसचिव एवं सूचना अधिकारी हरिप्रसाद शर्माले राससलाई जानकारी दिनुभयो।

केन्द्रका सचिव सुशीलचन्द्र तिवारी नेतृत्वको प्रतिनिधिमण्डलले आव २०७७/७८ को १९औं वार्षिक प्रतिवेदन प्रधानमन्त्री समक्ष पेश गरेको हो। प्रतिवेदनमा केन्द्रले आर्थिक वर्षमा गरेका मुख्य काम कारबाहीबारे उल्लेख गरिएको छ । केन्द्रद्वारा आव २०७७/७८ मा सम्पादन भएका कार्य र भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा नेपाल सरकार समक्ष प्रस्तुत गरिएका सुझावसमेत समावेश गरी राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियमबमोजिम प्रधानमन्त्री समक्ष प्रतिवेदन पेश गरिएको केन्द्रले विज्ञप्तिमार्फत जनाएको छ। प्रतिवेदनमा चार परिच्छेद रहेका छन्। परिच्छेद १ मा सतर्कता केन्द्रको परिचय अन्तर्गत संस्थागत विकासक्रम केन्द्रको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार, सङ्गठन संरचना तथा जनशक्ति, सुशासन कायम गर्न भएका नीतिगत व्यवस्था तथा प्रयासहरू समावेश गरिएको छ। परिच्छेद २ मा आर्थिक वर्ष २०७७/७८ मा केन्द्रबाट सम्पादन भएका प्रमुख कार्य समेटिएको छ। परिच्छेद ३ मा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा नेपाल सरकार समक्ष प्रस्तुत गरिएका सुझाव र परिच्छेद ४ मा उपसंहार राखिएको छ।

**५९४ वटा उजुरी फछ्र्यौट**

सतर्कता केन्द्रले उजुरी व्यवस्थापनतर्फ २०७७/७८ मा ५२० वटा उजुरी प्राप्त भएको र आर्थिक वर्ष २०६६/७७ बाट जिम्मेवारी सरी आएका ३२४ वटा उजुरी गरी जम्मा ८४४ वटा उजुरी रहेकामा तीमध्ये ५९४ वटा उजुरी फछ्र्यौट गरिएको जनाएको छ। फछ्र्यौट उजुरीमध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएका ५०, सुझाव, निर्देशन, सर्तक र ध्यानाकर्षण गराइएका १३८ र अन्य तामेलीमा गएका (छानबिन, प्रतिक्रिया आदिबाट कसुर प्रमाणित हुन नसकेका) ४०६ वटा उजुरी रहेका छन्।

सार्वजनिक संरचनाको विकास निर्माण नियम सम्मत, गुणस्तरीय र दिगो होस् भन्ने उद्देश्यले निर्माणका विभिन्न चरणमा प्राविधिक परीक्षण गर्ने गरिन्छ । यसका लीग प्रयोगशाला समेत तयार भई उपकरण जडान एवं आवश्यक उपकरण खरिद एवं जडान सम्पन्न भएको छ । आर्थिक वर्ष २०७८/७९ को मध्यावधिसम्ममा उपकरण क्यालिब्रेसन गरी सञ्चालनमा ल्याइने जनाइएको छ।

राष्ट्रिय गौरवका तीन वटा अन्य आयोजनातर्फ १५ वटा र समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना तर्फ ६ वटा गरी जम्मा २४ वटा आयोजनाको प्राविधिक परीक्षण कार्य सम्पन्न भएको सतर्कता केन्द्रले जनाएको छ। विकास आयोजनाको प्राविधिक परीक्षणका लागि दक्ष जनशक्ति तयार गर्न २५ जनालाई २१ दिने प्राविधिक परीक्षण तालिम समेत प्रदान गरिएको छ।

यस्तै सार्वजनिक निकायका पदाधिकारी, कर्मचारीले हरेक आवमा प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने सम्पत्ति विवरणसहितको अनुगमन गर्नु केन्द्रको अर्को प्रमुख कार्य रहेको छ । समयभित्रै सम्पत्ति विवरण बुझाउने पदाधिकारी कर्मचारीको सङ्ख्या आव २०७५/७६ मा ९७.१९ प्रतिशत रहेकोमा आव २०७६/७७ मा यो सङ्ख्यामा वृद्धि भई ९७.२८ पुगेको छ।

केन्द्रको काम, कर्तव्य तथा अधिकारलाई भ्रष्टाचार निवारण ऐन (कार्य सञ्चालन) नियमावली, २०६५, भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजनाले व्यवस्थित गरेको छ। केन्द्रले प्रमुख कार्यको रूपमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्य गर्दै आएको छ।

भ्रष्टाचार विरुद्धको जनचेता जगाउने र भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने उद्देश्यले प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम विसं २०५९ साउन २७ गते राष्ट्रिय सतर्कता केन्द्र स्थापना भएको थियो।

## एमाले कास्कीका जनसंगठनद्धारा सिडिओमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ माघ**



नेपाल कम्युनिष्ट पार्टी (एमाले) कास्कीका जनसंगठनहरुले प्रधानमन्त्री शेरबहादुर देउवालाई तत्काल स्थानीय निर्वाचन घोषणा गराउन दबाब दिने उद्देश्यले ज्ञापन पत्र बुझाएका छन्।

मंगलबार कास्कीका निमित्त सिडिओ कृष्णचन्द्र पौडेललाई जनसंगठनले स्थानीय निर्वाचनको माग गर्दै ज्ञापन पत्र बुझाएको हो । निर्वाचन आयोगले समेत संविधानको पालना गर्न स्थानीय तहको अवधि नकटाई निर्वाचन घोषणा गरिदिन गरेको आग्रहलाई समेत बेवास्ता गर्दै शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले आलटाल गरिरहेको जनसंगठनले ठहर गरेको छ।

'नेपालको संविधानले स्थानीय तह, प्रदेश तह र संघीय तहमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरेको छ । प्रदेश र संघीय तहमा व्यवस्थापिकाको निर्वाचन हुने र व्यवस्थापिकामा बहुमत प्राप्त गर्ने दलबाट कार्यकारी निर्वाचित हुने व्यवस्था छ,' ज्ञापन पत्रमा लेखिएको छ, 'तर स्थानीय तहको हकमा कार्यपालिकाको निर्वाचन जनताबाट प्रत्यक्ष हुने प्रावधान छ। संविधानको धारा २१५ र २१६ ले गाउँ/नगर पालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष र सदस्यको प्रत्यक्ष निर्वाचित हुने र निर्वाचित मितिले पाँच वर्ष पुगेकै मितिमा पदमुक्त हुने व्यवस्था गरेको छ।' संवैधानिक स्पष्ट व्यवस्थालाई अपव्याख्या गरी स्थानीय तहको निर्वाचन पर सार्ने षड्यन्त्रमा गठबन्धन सरकार लागिरहेकाले जनदबाब स्वरुप ज्ञापन पत्र बुझाइएको प्रेस चौतारी कास्कीका अध्यक्ष तथा एमाले कास्कीका जिल्ला कमिटी सदस्य अर्जुन गिरीले बताए। 'लोकतान्त्रिक मुलुकका निम्ति आवधिक निर्वाचन सुन्दर अभ्यास हो,' उनले भने, 'संविधान र स्थानीय सरकार सञ्चालनका लागि निर्दिष्ट कानुनको पालना गर्न/गराउन सरकार गम्भीर बन्नुपर्छ।' संविधानको धारा २१४ ले स्थानीय तहको सञ्चालन स्थानीय कार्यकारीबाट हुने व्यवस्था गरिएकोले निर्वाचित कार्यकारिणी बाहेक स्थानीय तह सञ्चालनका लागि अन्य वैकल्पिक व्यवस्था संविधानले कल्पना नगरेको हुँदा निर्वाचित भएको पाँच वर्ष पूरा हुनु अगावै नयाँ जनप्रतिनिधि निर्वाचित भइसक्नुपर्ने बाध्यात्मक अवस्था छ। 'यस संवैधानिक व्यवस्थालाई नजरअन्दाज गर्दै संविधान र कानुनविपरित स्थानीय निर्वाचन समयमा नगर्ने र स्थानीय तहलाई जनप्रतिनिधिविहीन बनाउने कुनैपनि कार्य हामीलाई स्वीकार्य छैन,' ज्ञापन पत्रमा लेखिएको छ, 'संविधानको प्रस्तावना, भावना

बाँकी अन्तिम पृष्ठमा ▶▶

## शतायु पुगेका नागरिकलाई घरघरमै पुगि सम्मान गर्ने अभियान

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ माघ**



जेष्ठ नागरिकका हक हितमा कृयाशिल संस्था जेष्ठ नागरिक सरोकार समाज नेपालले एक सय बर्ष माथिका जेष्ठ नागरिकलाई घरघरमै पुगि सम्मान गर्ने अभियान थालेको छ।

संस्थाले जेष्ठ नागरिक प्रतिको सामाजिक उत्तरदायित्व समेत वहन गर्दै एक सय बर्ष माथिका नागरिकलाई सम्मान गर्दै उनीहरुबाट आशिर्वाद लिने अभियानलाई संस्थागत रुपमै अघि बढाएको हो। दोसल्ला र सम्मानपत्रले सम्मान गर्ने व्यवस्था छ । ज्येष्ठ नागरिक समाजका गौरव रहेको र उनीहरूका अनुभव पछिल्लो पुस्ताका लागि प्रेरणा दायक हुने कुरालाई आत्मसात गर्दै उनीहरूको आत्मसम्मानका लागि पनि सम्मान जरुरी ठानी यो अभियान सुरु गरिएको समाजका अध्यक्ष.भक्त बहादुर श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार २०७२ सालबाट शुरु गरिएको उक्त अभियान अन्तर्गत हालसम्म एकसय बर्षदेखि ११५ बर्षसम्मका समाजका १२ जना आमा बुवालाई उहाँहरुको घरमै पुगेर सम्मान गरिँदै आएको छ।

"समाजका जेष्ठ नागरिकहरुले आफ्नो जीवनको उर्जाशित समय परिवार, समाज र राष्ट्रका लागि योगदान गरेका हुन्छन्" अध्यक्ष श्रेष्ठले भन्नुभयो, "पछिल्लो समय सन्तान आफ्नो जिम्मेवारीबाट बृद्ध आमा बुवाप्रति गर्नुपर्ने दायित्व र जिम्मेवारीबाट पन्छिने प्रचलन बढेकोमा दुःख लाग्दछ।"

संस्थाले पोखरा महानगरपालिका वडा नं. ३१ पचघैया ११५ बर्षीय धन कुमारी गुरुङ, भक्तपुर नगरकोट की १०७ बर्षीय सुनकान्छी लामिछाने, पोखरा १२ सितलादेवीका लालबहादुर गुरुङ र १०२ बर्षीय यारु गुरुङ, पोखरा १९ पुरन्चौरकी १०१ बर्षिय धनमाया गौतम,पोखरा ३२ लामेआलकी १०२ मानकुमारी श्रेष्ठ, कास्की लिप्यानी १०१ बर्षीय तिलोत्तमा न्यौपानेलाई सम्मान गरि सकेको छ। त्यसैगरि मादी गाउँपालिका तारकांङका १०१ बर्षिय वामदेव सापकोटा, पोखरा १० १०३ बर्षिय कुलबहादुर गुरुङ, पोखरा १३ आर्वाका १०२ बर्षीय टिकाराम बराल, पोखरा २७ कन्दनिडाँडास्थित पूर्व सभामुख तारानाथ रानाभाटकी १०१ बर्षिय आमा खिमकुमारी रानाभाटलाई सम्मान गरिएको संस्थाका उपाध्यक्ष केशव प्रसाद ढकालले बताउनुभयो । सम्मानितमध्ये सुनकान्छी लामिछाने, कुलबहादुर गुरुङ र मानकुमारी श्रेष्ठ अहिले पनि जिवितै हुनु हुन्छ भने अन्य सम्मानित समाजका अग्रज आमा बुवाको स्वर्गारोहण भई सकेको यहाँ आयोजित एक जेष्ठनागरिककोसम्मानकार्यक्रममा उहाँले जानकारी गराउनु भएको हो।

**१०४ बर्षीय गौतमलाई निवासमै पुगेर सम्मान**

पोखरा महानगरपालिका वडा नं. ७ माछापुच्छे टोल निवासी १०४ बर्षीय इन्द्रकला पाध्या गौतमलाई सोमवार सम्मान गरिएको छ । जेष्ठनागरिक सरोकार समाज नेपालले सम्मान गरेको हो । उहाँको निवासमा आयोजित एक कार्यक्रमका बीच संस्थाका अध्यक्ष भक्तबहादुर श्रेष्ठले अग्रज आमा गौतमलाई सम्मानपत्र र दोसल्लाले सम्मान गर्दै सुस्वास्थ्य र दिर्घायुको कामना गर्नुभयो । कार्यक्रममा सम्मानित आमा गौतमले नौ बर्षको उमेरमा विवाह भएको तथा सो अवस्थामा चाम्दानीमा बोकेर लगेको अलिअलि थाहा भएको राससलाई बताउनुभयो।

सानै उमेरमा विवाह हुँदा किन लगेका हुन आफुले के गर्नुपर्दछ भन्ने कुनै अनुभव नभएको बताउँदै दुई छोरा र दुई छोरी गरि चार सन्तानकी आमा उहाँले भन्नुभयो आँफू ३० बर्षको हुँदा नहुँदै श्रीमानको स्वर्गारोहणले परिवार भावविहिल बन्न पुगेको आफ्नो विगतको स्मरण गर्नुभयो।

कार्यक्रममा छोराहरु दण्डपाणी र इश्वरवन्दु गौतम र छोरी प्रेमकुमारी आर्यालयको उपस्थितमा पोखराकै अग्रज आमालाई सम्मान गरिएको संस्थाका महासचिव विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो।

कार्यक्रममा परिवार, समाज र राष्ट्रका निधिका रुपमा रहनुभएका सम्मानित जेष्ठनागरिकहरु सहित विविध गतिविधिको संगालो ज्येष्ठ नागरिक आवाज बार्षिक मुखपत्र प्रकाशित गर्दै आएको संस्थाका सचिव इच्छाबहादुर वाग्लेले स्पष्ट पार्नुभयो।

संस्थाका आजिव सदस्यहरुको हकमा भने ७५ बर्षको उमेरमा सम्मान गर्दै आएको छ । हालसम्म ४०० जनालाई सम्मान गरिएको बताउँदै उहाँले भन्नुभयो संस्थाको आजिवन सदस्य बन्नका लागि एकमुस्ठ तीन हजार ५०० रुपैया तोकिएको छ।

## पेट्रोलको मूल्य वृद्धि

**रासस**
**काठमाडौं, १८ माघ**

नेपाल आयल निगमले डिजेल, पेट्रोल र मट्टितेलको मूल्य वृद्धि गरेको छ।

मंगलबार राति १२ बजेदेखि लागू हुने गरी निगमले डिजेल, पेट्रोल र मट्टितेलको मूल्य बढाएको हो।

योसँगै डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर रु १२५ तथा पेट्रोलको मूल्य प्रतिलिटर रु १४२ पुगेको छ। यस्तै एलपी ग्यासको मूल्य भने यथावत राखिएको निगमले जनाएको छ।

निगमले आन्तरिक हवाई इन्धनको मूल्य प्रतिलिटर रु १० ले वृद्धि गरी प्रतिलिटर रु ११६ पुर्‍याएको छ । त्यस्तै अन्तर र्ष्ट्रियतर्फको हवाई इन्धनको मूल्य पनि प्रतिकिलोलिटर १०० अमेरिकी डलरले वृद्धि गरी एक हजार ९५ अमेरिकी डलर पुर्‍याइएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मैत्रीपूर्ण फुटबलमा मरिससमाथि नेपालको जित

रासस
काठमाडौं, १८ माघ

नेपाली राष्ट्रिय फुटबल टोलीले दोस्रो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा अफ्रिकी राष्ट्र मरिससलाई पराजित गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा १० खेलाडीमा सीमित नेपालले नौ खेलाडीमा समेटिएको मरिससलाई १-० गोल अन्तरले पराजित गरेको हो। नेपालका लागि सुजल श्रेष्ठले निर्णायक गोल गरे। उनले खेलको दशौं मिनेटमा गोल गरेका थिए। आशिष लामाले प्रहार गरेको बललाई पेनाल्टी क्षेत्रभित्र रहेका पुजन उपरकोटीले उपलब्ध गराएपछि श्रेष्ठले गोलमा परिणत गरेका थिए। पहिलोपटक अफ्रिकी राष्ट्रविरुद्ध आधिकारिक रुपमा



खेल खेलेको नेपाल दुवै मैत्रीपूर्ण खेलमा जित हात पार्न सफल भयो। यसअघि शनिबार भएको पहिलो मैत्रीपूर्ण खेलमा नेपालले मरिससलाई १-० गोल अन्तरले नै पराजित गरेको थियो। उक्त खेलमा नेपालका लागि विमल घर्तिमगरले गोल गरेका थिए।

मरिसस पेनाल्टीमा चुक्दा नेपालसँग लगातार हार व्होर्यो। खेलको १३ औं मिनेटमा मरिससका कप्तान एन्डी सोफीले पेनाल्टीमा गोल गर्न सकेनन्। उनको प्रहार नेपालका गोलकिपर किरण चेम्जोङले बचाए। नेपालका दिनेश राजवंशीले मरिससका लिन्स्ले बर्सीलाई पेनाल्टी क्षेत्रभित्र लडाएपछि मरिससले पेनाल्टी पाएको थियो। त्यसबाहेक दुवै टोलीले खेलको विभिन्न समयमा पाएको अवसरलाई सदुपयोग गर्न सकेनन्। यसैगरी खेलको ७० औं मिनेटमा मरिसस र नेपाल १० खेलाडीमा समेटियो। एक अर्काविरुद्ध घम्साघम्सीमा उत्रिएपछि मरिससका एड्रियन बोटलरले रातो कार्ड पाएका थिए। यता नेपालका पुजन उपरकोटीलाई रेफ्री नवीन्द्र महर्जनले रातो कार्ड पाएका थिए। खेलको ७८ औं मिनेटमा मरिसस नौ खेलाडीमा समेटियो। नेपालका गौतम श्रेष्ठलाई फउल गरेपछि मरिससका इम्यानुएलले रातो कार्ड पाएका थिए।

# सिडियोको सक्रियतामा डम्पिङ् अक्सिजनप्लान्ट संचालन

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १८ माघ

सिकिस्त कोभिडका बिरामीलाई आवश्यकता पर्ने अक्सिजन हो। कोरोनाको दोस्रो लहरमा अक्सिजनको अभावमा बिरामीमा समस्या भएका खबरहरु आउन थालेपछि नेपाल सरकारले हरेक जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट संचालन गर्ने निर्णय गऱ्यो। सोही बमोजिम गण्डकी प्रदेश सरकारले ११ जिल्लामा अक्सिजन प्लान्ट शुरु गर्न उपकरण खरिद गरियो। स्याङ्जामा पनि अक्सिजन प्लान्टका लागि उपकरण आए पनि संचालनमा ल्याउन नसकेर डम्पिङ् रहेको थियो। तेस्रो कोरोना कहर आएसँगै आवश्यकता महशुष गरिएको अक्सिजन प्लान्टमा जिल्ला कोभिड व्यवस्थापन समितिका संयोजक प्रमुख जिल्ला अधिकारी राजु पौडेलले प्लान्टको ध्यानाकर्षण गरे। विद्युत् अभावमा डम्पिङ अवस्थामा रहेको प्रजिअ पौडेलले थाहा पाएपछि अक्सिजन प्लान्टको उपकरणलाई सुचारु गर्न तिनसाता देखि प्रयत्न गरे। लामो समय डम्पिङ् अवस्थामा रहेको अक्सिजन प्लान्ट जिल्ला अस्पतालमा मंगलबारदेखि संचालनमा आएको छ। अक्सिजन प्लान्टको सुरुवात भएको जानकारी प्रजिअ पौडेलले गराए। मेशिनको स्विच अन गर्दै प्रजिअ पौडेलले भने,' अक्सिजनका लागि जिल्लावासी



अब बाहिर जानुपर्दैन।' बिजुलीका लागि नयाँ ट्रान्सफर्मर सहित अक्सिजन प्लान्ट संचालनमा आएको छ यो जिल्लाबासीका लागि खुशीको खबर हो उनले भने। जिल्लामा रोकिएका र गर्न नसकिएका विकास निर्माणका काम देखि अन्य नागरिकको आवश्यकतालाई महशुष गरेर छनोट गरिएका योजनामा हाम्रो ध्यानाकर्षण हुने छ प्रजिअ पौडेलले भने।

हरेक काममा लगाब हुनुपर्छ प्रजिअ पौडेलले भने,' निरन्तरताको खाँचो र सबैको सहयोग हुनु आवश्यकता छ।' जुन सबैको साथ र सहयोगले डम्पिङ् अवस्थामा रहेको नागरिकको आवश्यकताको स्वास्थ्य उपकरण सुचारु गर्न सफल भयौ उनले भने। अवदेखि अस्पतालमा अक्सिजनको अभावमा कसैले पनि ज्यान गुमाउन नपर्ने दावी जिल्ला अस्पतालको छ। यहाँ उत्पादित अक्सिजनले स्याङ्जा जिल्लाभरको अक्सिजनको माग सहजै पुरा गर्न सकिने अस्पताल प्रमुख रमेश आचार्यले बताए। संघिय सरकारको सहयोगमा भदौदेखि प्लान्ट निर्माण सुरु गरिएको हो। एक करोड ३६ लाखको लागतमा प्लान्ट निर्माण आज सम्पन्न भएको छ।

अक्सिजन प्लान्ट १५ एनएमक्युब क्षमताको छ। प्रति घण्टा १५ हजार लिटर अक्सिजन उत्पादन गर्छ। दैनिक सरदर ७५ वटा अक्सिजन सिलिण्डर भर्ने क्षमताको रहेको छ। यसले १५ हजार लिटर प्रतिघण्टा अक्सिजन उत्पादन गर्ने र ८ हजार लिटर प्रतिघण्टा अक्सिजन भर्न सक्ने डा. आचार्यले जानकारी दिए। उनका अनुसार भरिएको प्रति सिलिन्डरमा ६ हजार ४ सय लिटर अक्सिजन हुन्छ।

# पाँच हजारभन्दा बढी संक्रमित, ९ को मृत्यु

रासस
काठमाडौं, १८ माघ

पछिल्लो २४ घण्टामा पाँच हजार ५८३ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ। आठ हजार २६७ कोरोनाबाट मुक्त भएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १७ हजार ६७४ जनाको पिसीआर परीक्षण गरिएको थियो। निको हुने दर ९१ प्रतिशत रहेको छ। मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या ७४ हजार ६५३ पुगेको छ। पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट नौ जनाको मृत्यु भएको छ। कोरोनाबाट हालसम्म ११ हजार ७५२ जनाको मृत्यु भएको छ। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, सप्तरी, सिराहा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, नुवाकोट, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही, दाङ र कैलाली रहेका छन्। यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका १५ जिल्ला छन्। ती जिल्लामा पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, गोरखा, स्याङ्जा, बागलुङ, तनहुँ, पाल्पा, बर्दिया, सुर्खेत र कञ्चनपुर छन्।

नेपालमा सङ्क्रमण दर १८.३ प्रतिशत छ। हाल होम आइसोलेसनमा ७३ हजार १७८, संस्थागत आइसोलेसनमा एक हजार ४७५, आइसियुमा २७९ र भेन्टिलेटरमा ५० जनाको उपचार हुँदैछ।

पछिल्लो २४ घण्टामा तीन लाख ९९ जनाले कोरोनाविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म कोरोना भाइरसविरुद्धको बुस्टर डोज लगाउनेको सङ्ख्या चार लाख चार हजार ३३३ पुगेको मन्त्रालयले जनाएको छ।

# एमाले...

एवं मर्म बमोजिम समयमै आवधिक निर्वाचन सम्पन्न गर्नु सरकारको अनिवार्य दायित्व हो।' जनसंगठनले मुलुक गठबन्धन सरकारको नेतृत्वमा पुगेसँगै महिला, बालबालिकामाथिको लैंगिक हिंसाजस्ता अपराधजन्य सामाजिक घटनाहरु बढेको र यस्ता गतिविधिका कारण मुलुकमा सुशासन, शान्ति सुरक्षामा बढेको चुनौतिप्रति सरकार गम्भीर नबनेको जनाएको छ।

# स्थानीय तह निर्वाचनको मिति तोक्न आयोगको परामर्श

रासस
काठमाडौं, १८ माघ

निर्वाचन आयोगले सरकारलाई आगामी जेठ ४ गते बुधबार स्थानीय तहको निर्वाचन एकै चरणमा गर्ने गरी मिति तोक्न परामर्श दिएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर प्रमुख निर्वाचन आयुक्तसहितको टोलीले २०७४ वैशाख ३१ गते, असार १४ गते र असोज २ गते गरी तीन चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित पदाधिकारीको पदावधि जेठ ५ मा समाप्त हुने भएकाले सोअगावै निर्वाचन गर्नुपर्ने विषय जानकारी गराएको हो।

नेपालको संविधानको धारा २१५ को उपधारा (६), धारा २१६ को उपधारा (६), धारा २२० को उपधारा (५) तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ र दफा ५५ बमोजिम सम्पन्न गर्नु सरकार तथा निर्वाचन आयोगको संवैधानिक एवं कानुनी दायित्व रहेको व्होरा अवगत गराएको थियो। निर्वाचन व्यवस्थापनका लागि सामान्यतया १२० दिन निर्वाचन अवधि आवश्यक पर्ने भए पनि त्यसलाई लक्षित गरी मतदाता नामावली सङ्कलन, मतदानस्थलको पुनरावलोकन र निर्धारण तथा निर्वाचन सम्पन्न गर्न आवश्यक पूर्वतयारीका अन्य कार्य निरन्तर गरिरहेकाले प्रस्ताव गरेको मिति तोकिएमा सम्पन्न गर्न आयोग तयारी अवस्थामा रहेको जानकारी गराइएको आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सो अवसरमा प्रधानमन्त्री देउवाले आयोगको परामर्शअनुसार प्रस्तावित मितिमा एकै चरणमा स्थानीय तहको निर्वाचन गर्न आवश्यक प्रक्रिया पूरा गरी निर्वाचनको मिति तोकिने जानकारी गराउनुभयो। उहाँले स्थानीय तहको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक सम्पूर्ण तयारीका कार्य गर्न निर्वाचन आयोगलाई आग्रह गर्दै गृहमन्त्रालयलाई आवश्यक सुरक्षा बन्दोबस्त मिलाउनसमेत निर्देशन दिनुभयो। आयोगको तर्फबाट सरकारलाई परामर्श दिने क्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनको मिति आयोगको परामर्शमा सरकारले तोक्ने व्यवस्था गेरकाले आयोगको परामर्श, भूमिका र दायित्वलाई यही संवैधानिक एवं कानुनी व्यवस्थाको सापेक्षतामा ग्रहण गरिदिन आग्रह गर्नुभयो। स्थानीय तहको कार्यकाल थप हुनसक्ने कुनै संवैधानिक तथा कानुनी प्रावधान नरहेकाले पदावधि समाप्त हुनुअगावै निर्वाचन गर्नुको विकल्प नदेखिएको स्पष्ट पार्दै उहाँले मौजुदा कानुनको कुनै पनि प्रावधान संविधानसँग नबाँझिएको समेत अवगत गराउनुभयो। आयोगले स्थानीय तहको निर्वाचन एकै चरण वा दुई वा दुईभन्दा बढी चरणमा गर्न सकिने कानुनी व्यवस्था रहे पनि खर्चमा मितव्ययिता हुने, सुरक्षा व्यवस्थापनमा सहजता हुने, समग्र निर्वाचन व्यवस्थापनमा सजिलो हुने तथा मतदाता शिक्षा सामग्रीमा एकरुपता हुने सुझाव दिएको प्रवक्ता शालीग्राम शर्मा पौडेलले जानकारी दिनुभयो।

आयोगले निर्वाचन प्रचारप्रसार खर्च कम हुने, आचारसंहिताको अवधि कम हुने हुँदा अन्य काम प्रभावित नहुने, एक ठाउँको निर्वाचन परिणामले अर्को ठाउँमा प्रभावित नपार्ने तथा निर्वाचनको अनुगमन तथा पर्यवेक्षण सहज हुने आदि सकारात्मक कारणले एकै चरणमा निर्वाचन सम्पन्न गर्नु उपयुक्त हुने सुझाव दिएको हो। आयोगले स्थानीय तहको निर्वाचनसँग सम्बन्धित निर्वाचन सुरक्षा व्यवस्था, निर्वाचन व्यवस्थापनमा आयोगअन्तर्गत हुने खर्च र कोभिड-१९ प्रभावकाबीच निर्वाचन गर्नुपर्दा अवलम्बन गर्नुपर्ने स्वास्थ्य मापदण्डका विषयमा समेत सुझाव पेश गरेको छ।

# मोरङका दुई स्थानमा बर्डफ्लु संक्रमण

रासस
काठमाडौं, १८ माघ

मोरङका दुई स्थानमा बर्डफ्लु सङ्क्रमण पुष्टि भएको छ। पशुसेवा विभागका अनुसार मोरङको ग्रामथान-१ खुनियाकट्टा र बुढिगङ्गा -५ मा बर्डफ्लू सङ्क्रमण पुष्टि भएको हो।

उक्त स्थानका किसानले पालेका कुखुराको नमूना केन्द्रीय पशुपक्षी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वरमा रियल टाइमपीसीआरविधिबाटपरीक्षण गर्दा माघ १६ गते पुष्टि भएको विभागका निमित्त महानिर्देशक लेखराज दाहालले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त स्थानमा सङ्क्रमण फैलन नदिन विभागले तत्काल नियन्त्रणमा लिन सङ्घ, प्रदेश तथा स्थानीय तहका पशु सेवासँग सम्बन्धित निकायलाई परिचालन गरी रोग देखिएको क्षेत्रमा रहेका घरपालुवा पक्षी तथा रोग सार्न सक्ने अन्य वस्तु समेत आइतबार नै नष्ट गरिएको छ।

मन्त्रालयले पक्षी तथा पक्षीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रुपमा स्वास्थ्यपरीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न आग्रह गरेको छ। यस्तै, फार्म परिसरमा जैविक सुरक्षाका विधि अवलम्बलन गर्न, पक्षीपालक किसानले फार्म परिसरमा नियमित रुपमा निःसङ्क्रमण गर्न, तथा सफाइमा ध्यान दिन, घरपालुवा पक्षीलाई जङ्गली पक्षीको सम्पर्कमा आउन नदिन हाँस तथा कुखुरालगायतका पक्षीलाई थुनेर पाल्न तथा पशुपक्षी बिक्रीस्थलमा अस्वाभाविक रूपमा पक्षी बिरामी परेमा वा मरेमा तत्काल नजिकैको पशु सेवा विभागमा सूचना गर्न आग्रह गरेको छ।


बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका बिरामीहरुलाई खुशीको खबर

परीक्षण गरिने रोगहरुः
बाथ रोगः घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुन्निने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका बिरामी पुराना तथा नयाँ बाथका बिरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका बिरामीहरुले सम्पर्क राख्नुहोला।
प्यारालाइसिसः शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका बिरामीहरु।
ढाड दुख्नेः ढाडमा नशा च्यापिएको, एकातिरको खुट्टा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।
बिरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म
फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
मिडटाउन सुपर मार्केटको पछाडि पविनाम नं. १ पविनाम मेघा हेल्थ केयरको अडमा।

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सस्वा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरताः अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्बन्धी रोगः ह्रासगुदद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आयुर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१-५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।
-लेडस्टोन

## सम्पादकीय

# मूल्य बृद्धिको नरोकिने श्रृङखला

सरकारले पेट्रोलियम पदार्थमा गरेको मूल्य वृद्धि विरुद्ध आन्दोलन चलिरहेको बेला सरकारले फेरि मूल्य बढाएको छ। नेपाल आयल निगमबाट सरकारले विभिन्न कर लगाएर मूल्य बढाउने काम गरेको छ। नेपाल आयल निगम घाटामा जाने बित्तिकै अन्य सुधारका काम नगरीकन मूल्य बढाउन हतार गरिन्छ। आयल निगम घाटामा जाने वितिक्कै नेपाली जनतालाई बोझ थोपर्ने काम हुँदै आएको छामूल्य बढाएको एक महिना नपुग्दै मंगलबार राति १२ बजेदेखि लागू हुने गरी निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्यमा प्रतिलिटर ३ रुपैयाँले बढाएको छ।

नयाँ मूल्यसूची अनुसार अब पेट्रोलको मूल्य प्रतिलिटर १४२ रुपैयाँ तथा डिजेल र मट्टितेलको मूल्य १२५ पुगेको छ। यस्तै आन्तरिक हवाई ईन्धनमा प्रति लिटर १० रुपैयाँले वृद्धि गरी प्रति लिटर ११६ पुगेको छ । एलपी ग्यासको मूल्य भने यथावत राखिएको आयल निगमको दावी छ। भारतीय आयल कर्पोरेशनलेनै नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थको नयाँ मूल्यसूची पठाएको भन्दै मूल्य बढाउने गरिएको छा प्रत्येक महिनाको १ र १५ तारिखमा पठाउने कर्पोरेशनले नयाँ मूल्यसूची पठाएको बताइएको छ । निगमलाई प्राप्त मूल्य सूचीअनुसार पेट्रोलको मूल्य प्रतिलिटर ४.९२ रुपैयाँ बढेर आएको छ। यस्तै, डिजेलको मूल्य प्रतिलिटर ७.२४ रुपैयाँ तथा मट्टितेलमा ८.८० रुपैयाँ बढेर आएको निगमले जानकारी दिएको छ। यस्तै, हवाई इन्धनको मूल्य प्रतिलिटर ७.४८ रुपैयाँ र खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर ८२ रुपैयाँ घटेर आएको निगमले जनाएको छ।

कर्पोरेशनबाट प्राप्त नयाँ मूल्य सूचीअनुसार अन्य सबै पेट्रोलियम पदार्थको मूल्य बढ्दा एलपी ग्याँसको मूल्य भने घटेर आएको छ। मूल्य घटेर आएको बेला सोही अनुपातमा घट्नुपर्ने हो । निगमले घटाउन नजान्ने बढाउन हतारिने गरेको छात्यसको मारमा सर्वसाधारण पर्ने गरेका छन। मूल्य समायोजनले १५ दिनको जम्मा घाटा करिब २ अर्ब ६० करोडबाट ३७ करोडले घट्ने निगमको भनाइ छ। यसका बाबजुद अझै करिब २ अर्ब २३ करोड घाटा निगमलाई हुने दावी छ। निगमका अनुसार पेट्रोलमा अझै प्रतिलिटर १३.२३ रुपैयाँ र डिजेलमा ११.१३ रुपैयाँ घाटा रहेको छ । यता मट्टितेलमा प्रतिलिटर १८.१२ रुपैयाँ, आन्तरिक हवाई इन्धनतर्फ १०.५० रुपैयाँ तथा बाह्य हवाई इन्धनतर्फ ३२.७२ रुपैयाँ फाइदा रहेको छ। एलपी ग्यासमा भने प्रति सिलिन्डर ५६०.०९ रुपैयाँ घाटा रहेको छ।

नेपाल आयल निगमलाई चुस्त राख्न अनावश्यक कर्मचारी कटौती, मन्त्री र नेताको भनसुनमा जागिर खाएकालाई हटाउनुपर्छ। विभित्र शिर्षक राखेर कर संकलन गर्ने,चुहावट नियन्त्रण नगर्ने हो भने निगम कहिल्यै सुधार हुँदैन । पेट्रोलियम पदार्थ बेच्ने एकाधिकार पाएको निगम घाटामा जानू अनियमितता र बेथिति हो । अनियमितता रोक्न सरकारले कहिल्यै चासो नदिने उल्टै कार्यकर्ता भर्तृसना केन्द्र बनाउने,कर्मचारीले सुविधा थप्दै जाँदा त्यसको बोझ जनताको टाउकोमा पर्न गएको छ। जनतालाई बोझ बोकाएर निगमको घाटा कम हुन्छ भन्ने एकनासे तर्कले मूल्य बढाउने निर्णयको औचित्य पुष्प हुँदैन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : सम्मान मिल्नेछ |
| ककर्ट | : सत्कार मिल्नेछ | मकर | : मन चञ्चल |
| सिंह | : मानसिक तनाब | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शारीरिक झमेला | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बिमा समितिले गर्‍यो ११ बिमा कम्पनीलाई कारबाही

रासस
काठमाडौं, १८ माघ

लेखापरीक्षण प्रतिवेदन नबुझाएका विभिन्न ११ बिमा कम्पनीलाई बिमा समितिले कारबाही गरेको छ।

समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलका अनुसार आर्थिक वर्ष २०७६/७७ मा आफूले गरेको बिमा व्यवसायको हिसाब-किताबको लेखापरीक्षण प्रतिवेदन नबुझाउने बिमा कम्पनीलाई रु १० हजारका दरले जरिवाना गरिएको छ।

यसरी कारबाहीमा पर्नेमा दि ओरियण्टल इन्स्योरेन्स कम्पनी, नेशनल इन्स्योरेन्स कम्पनी, राष्ट्रिय बिमा संस्थान, राष्ट्रिय बिमा कम्पनी, नेपाल लाइफ इन्स्योरेन्स, गुराँस लाइफ इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स, युनियन लाइफ इन्स्योरेन्स, सन नेपाल लाइफ इन्स्योरेन्स, रिलायबल नेपाल लाइफ इन्स्योरेन्स र सानिमा लाइफ छन् । बिमा ऐन, २०४९ अनुसार बिमा कम्पनीले आफूले गरेको बिमा व्यवसायको हिसाब-किताबको लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षकबाट गराई सोको प्रतिवेदन प्रत्येक आव सकिएको मितिले १० महिनाभित्र समितिलाई बुझाउनुपर्ने व्यवस्था छ । ती बिमा कम्पनीले यही व्यवस्थाको बर्खीलाप गरेको पाइएको छ।

# सोनाम ल्होसार पर्व मनाइँदै

रासस
काठमाडौं, १८ माघ

तामाङ समुदायले माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होसारअर्थात् नयाँ वर्ष पर्व बुधबार विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ।

मञ्जुश्री पात्रोअनुसार आजदेखि २८५८ औं वर्ष सुरु हुन्छ । आजदेखि गाई वर्ष पूरा गरी बाघ वर्ष प्रवेश हुन्छ। प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका अवसरमा विभिन्न कार्यक्रम गरी सोनाम ल्होसार पर्व मनाइन्छ । मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा सोनाम ल्होसारलाई विभाजन गरिएको छ । ल्होसारका १२ वटै वर्ष पशुपन्छीको नामबाट गणना गरिएकाले प्रकृतिपूजक रहेको अनुसन्धानदाता टीका शेर्पाले जानकारी दिनुभयो । तामाङ जातिको बाहुल्यता रहेको बागमती प्रदेशका विभिन्न जिल्लामा यो पर्व विशेषरुपमा मनाइन्छ। यस वर्ष बुधबार मनाइने पर्वका अवसरमा सरकारले देशभर सार्वजनिक बिदा दिएको छ।

पर्वका अवसरमा बौद्धनाथ क्षेत्र विकास समितिले बौद्ध क्षेत्रमा विविध कार्यक्रम आयोजना गरी मनाउने गरेकामा यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना महामारीका कारण औपचारिक कार्यक्रम राखिएको छैन । समितिका कार्यकारी निर्देशक वसन्त लामा यस वर्ष स्वास्थ्य सुरक्षाका विधि अपनाएर बौद्ध क्षेत्रका चैत्यमा कार्यसमिति सदस्य, सल्लाहकार मात्र बसेर पूजापाठ गरी ल्होसार मनाउन लागिएको बताउनुहुन्छ।

विगत वर्षमा बौद्ध क्षेत्रमा सोनाम ल्होसारका अवसरमा सांस्कृतिक झाँकीसहित बाजागाजाको ऱ्याली निकालिने गरिएको थियो । दिउँसो महेन्द्र बौद्ध माध्यमिक विद्यालय परिसरमा मूल समारोह समितिका तर्फबाट कार्यक्रम गर्ने गरिएकामा त्यो पनि स्थगित गरिएको जनाइएको छ । यसैगरी राजधानीको स्वयम्भू क्षेत्रका चैत्यमा आन्तरिक रुपमा मात्र पूजा पाठका कार्यक्रम गरी ल्होसार मनाइने बताइएको छ।

यसैगरी देशका अन्य भागमा पनि ल्होसार मनाइने तयारी भइरहेको छ ।प्रधानमन्त्री शेरबहादुर देउवाले विशेष गरी तामाङ जातिले परापूर्वकालदेखि मान्दै आएको ‘सोनाम ल्होसार’ अर्थात् नयाँ वर्षको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका तामाङ समुदायका नागरिकमा सुख, शान्ति, सुस्वास्थ्य र दीर्घायुको कामनासहित शुभकामना व्यक्त गर्नुभएको छ।


## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।

नाम : तरादेवी भण्डारी
विमा लेख नं.: १३००२०७१९
नाम : सावित्री भूजेल
विमा लेख नं.: १३००८८४०३
नाम : सीता देवी गुरुङ
विमा लेख नं.: १३००८८७२३
नाम : शान्ति अधिकारी
विमा लेख नं.: १३००९७८०१

सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
पोखरा शाखा फोन: ०६१-५३९१९१, ९८५६०२०२८५

## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएका निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछौ।

| नाम : | बीमा लेख न: |
|---|---|
| अज निधि पौडेल | ०६८००००३५५ |

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा फोन नं.: ०६१-५२४४५०


# कालीगण्डकीमा पुल निर्माण

रासस
म्याग्दी, १८ माघ

अन्तरदेशीय व्यापारिक महत्वको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ र ६ को सिमाना पोखरेबगरमा कालीगण्डकी नदीमा मोटरेबल पुल निर्माण भएको छ। भौतिक योजना तथा यातायात मन्त्रालयअन्तर्गत पुल महाशाखाको पश्चिम सेक्टर कार्यालयले ठेक्कामार्फत ७० मिटर लामो पक्की मोटरेबल पुल निर्माण गरेको हो।

महभिर र पोखरबगरस्थित कालीगण्डकीमा दुईवटा मोटरेबल पुल निर्माणका लागि विसं २०७४ फागुनमा हिम-सगरमाथा-डाँफे-बज्रगुरु जेभीले रु १९ करोडमा ठेक्का सम्झौता गरेको थियो। हिम सगरमाथाका प्राविधिक टीकाराम भुसालले पोखरेबगरको मोटरेबल पुल निर्माण सकिएको जानकारी दिनुभयो । “महभिरस्थित कालीगण्डकी नदीमा निर्माण भएको ८० मिटर लामो पुल गत असोज महिनादेखि नै सञ्चालनमा आइसकेको छ”, उहाँले भन्नुभयो, “पोखरेबगरमा पनि पुलका संरचना र पहुँचमार्ग निर्माण सकिएको छ। केही दिनमै सञ्चालनका लागि योग्य हुन्छ।” एघार मिटर फराकिलो दुईवटै पुल निर्माणका लागि ठेकेदार आफैंले डिजाइन र निर्माण गर्ने सम्झौता भएको थियो। दुई वर्षको ठेक्का अवधि भए पनि कोरोना महामारी, निषेधाज्ञा र बन्दाबन्दीका कारण निर्माणको समय एक वर्ष धकेलिएको हो। कोरोना महामारी र बाढीपहिराजस्ता प्राकृतिक विपद्का बाबजुद सरकारले थपेको समयभित्रै पुल बनाएको प्राविधिक भुषालले बताउनुभयो। पोखरेबगरतर्फको पहुँचमार्गमा पर्ने आश्रमको ब्यवस्थापनका विषयमा विवाद हुँदा केही समय अन्योल भएको थियो।

गाउँपालिका र वडाका जनप्रतिनिधि तथा अगुवाहरूको पहलमा आश्रमलाई व्यवस्थापन गर्न बेनी-जोमसोम-कोरला सडक आयोजनाले सघाउने जनाएपछि स्थानीयवासी पुलसम्म पुग्ने पहुँचमार्ग बनाउन सहमत भएका थिए । विसं २०६४ मा मार्ग खुलेको बेनी-जोमसोम सडकको महभिर र पोखरेबगरमा यसअघि फलामको बेलीब्रिजबाट सवार ासाधन वारपार गर्दै आएका थिए।

बेनी-जोमसोम-कोरला सडकअन्तर्गत नै म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेगखोलामा सडक विभागको पुल महाशाखाले ७० मिटर लामो डबल स्पाम भएको पुल निर्माण सुरु गरेको छ । विसं २०७८ असार २९ गते भ्याटसहित रु आठ करोड ३० लाख ६८ लाख ४७३ मा ठेक्का सम्झौता गरेको बिओकेआई-हिमालयन जेभीले पुलको एक पिलर निर्माणका लागि जग खनिसकेको छ।

विभागका पश्चिम सेक्टर कार्यालयका इञ्जीनियर आशिक रिजालले ११ मिटर चौडाइको हुने पुलको डिजाइन एण्ड बिल्ड (निर्माण व्यवसायीले आफैं डिजाइन र निर्माण गर्ने) मोडलमा ठेक्का सम्झौता भएको जानकारी दिनुभयो। विसं २०८० चैत २५ गतेभित्र पुल निर्माण सम्पन्न गर्ने सम्झौतामा उल्लेख छ। विसं २०७३ भदौ १७ गतेको बाढीले बेगखोलामा ११ वटा घर, बेलीब्रिज, झोलुङ्गे पुल र एक जना मानिस बगाएपछि बर्खायाममा बाढी आउँदा यातायात आवतजावत बन्द हुने र जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो । पाँच वर्षअघि बगाएको बेलीब्रिजको विकल्पमा पक्की पुल निर्माण हुन लागेको हो । गण्डकी प्रदेशको भाग्यरेखा मानिएको राष्ट्रिय गौरवको उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत बेनीबाट कोरला नाका जोड्ने सडकमा आठवटा मोटर चल्ने पुल निर्माण सकिएका छन् । एक सय ८६ किलोमिटर दूरीको बेनी-जोमसोम-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत थप एक पुल निर्माणको अन्तिम चरण र १२ वटा निर्माणाधीन रहेका छन् । आयोजना प्रमुख जगत प्रजापतिले थप पाँच ठाउँमा पुल निर्माणको प्रस्ताव गरिएको बताउनुभयो।

# शिक्षक अस्पताल भरतपुरमा बन्ने भएपछि उत्साह

रासस
चितवन, १८ माघ

मेडिकल सिटीका रूपमा परिचय बनाउँदै गएको भरतपुरमा केन्द्रीय शिक्षक अस्पताल बन्ने भएपछि यहाँका स्थानीय, राजनीतिक दल र सरोकारवाला उत्साहित भएका छन् । शिक्षक अस्पतालले सेवासँगै यहाँको विकास, रोजगारी सिर्जना गर्ने भन्दै उनीहरू उत्साहित भएका हुन्।

दुई ठूला सरकारी अस्पताल, दुई वटा मेडिकल कलेज र २० भन्दा बढी साना ठूला निजी अस्पताल रहेको भरतपुरमा शिक्षक अस्पताल स्थापनासँगै स्वास्थ्य क्षेत्रको थप विकास हुने भएको छ । भरतपुर महानगरपालिका-१५ भगवानपुरमा जग्गा उपलब्ध गराउन महानगर सहमत भएसँगै सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले अस्पताल बनाउने सैद्धान्तिक सहमति दिएको हो । शिक्षा मन्त्रालयले शिक्षक अस्पताल बनाउन सम्भाव्यता अध्ययन र जग्गा पहिचान समिति गठन गरेसँगै यहाँ अस्पताल बनाउन भरतपुर महानगरपालिकाले पहल थालेको थियो।

अस्पताल बनाउन प्रस्ताव गरिएको ठाउँ नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालको क्षेत्र एवं गाउँसमेत हो । महानगरपालिकाका प्रमुख रेनु दाहालले सो ठाउँमा ८ बिघा १६ कठ्ठा जग्गा उपलब्ध गराएसँगै सोही ठाउँमा अस्पताल बनाउने निर्णय भएको बताउनुभयो । महानगरपालिकाको प्रयास सफल भएको भन्दै उहाँले यस क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । प्रमुख दाहालले भन्नुभयो,“अस्पताल बनेसँगै स्थानीयवासीको जीवनस्तर उकासिने छ । रोजगारी सिर्जना हुने, व्यापार व्यवसाय फस्टाउने र स्थानीय उत्पादन खपत हुनेछ ।” यसले मेडिकल सिटीका रूपमा अघि बढेको भरतपुरको विकासमा थप टेवा पुग्ने उहाँको भनाइ छ। आम नागरिकले सहज रूपमा स्वास्थ्य सेवा पाउन यो अस्पताल सहयोगी बन्ने उहाँ बताउनुहुन्छ।

नेपाली कांग्रेस चितवनका सचिव उत्तम जोशीले शिक्षक आन्दोलनले स्थापित गरेको शिक्षक अस्पताल चितवनमा बन्ने निर्णयले यहाँको समग्र विकास हुने बताउनुभयो । शिक्षकको छुट्टै अस्पताल हुँदै गर्दा यसबाट आम नेपालीले लाभ लिनसक्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “चितवनलाई मेडिकल हबको रूपमा विकास गर्न सहयोग पुग्छ ।” नेकपा (एमाले)का नेता रामप्रसाद न्यौपानेले भरतपुरलाई साच्चिकै मेडिकल सिटीको रूपमा विकास गर्न अस्पताल सहयोगी हुने बताउनुभयो। उहाँले भन्नुभयो, “कार्यान्वयन कसरी हुन्छ, त्यो हेर्न बाँकी नै छ।” यसले यहाँको स्वास्थ्य सेवालाई थप सुधार गर्दै लैजाने उहाँको भनाइ छ। माओवादी केन्द्र चितवनका अध्यक्ष यमबहादुर परियारले महानगरको पहलमा जुन उपलब्धि जिल्लाले पायो यो हामी सबैका लागि गौरवको विषय भएको बताउनुभयो । उहाँले भन्नुभयो,“अन्य क्षेत्रको विकाससँगै स्वास्थ्य सेवाको विकासमा यसले थप ऊर्जा भरेको छ।” महानगरका गाउँगाउँसम्म स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन यो सहयोगी हुने उहाँको भनाइ छ । भरतपुर अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारीले शिक्षक केन्द्रीय अस्पताललाई मेडिकल कलेजको रूपमा विकास गर्नुपर्ने बताउनुभयो । यसो हुँदा शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा टेवा पुग्ने उहाँको भनाइ छ। यो अस्पतालबाट चिकित्सक र सेवाग्राही दुवैले सहज सुविधा पाउने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो “स्वास्थ्य शिक्षा पढ्ने विद्यार्थीले सहज र सर्वसुलभ रूपमा उपयोग गर्न पाउनेछन् ।”चितवन मेडिकल कलेजका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्रा डा हरिश्चन्द्र न्यौपानेले देशभरिबाट शिक्षक यहाँ उपचार गर्न आउँदा थप सुविधाका लागि मेडिकल कलेज उपयोग गर्न पाउने बताउनुभयो । यसबाट निजी क्षेत्र समेत लाभान्वित हुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “राम्रो सेवा दिन सक्यौं भने त्यहाँबाट पठाइएका बिरामी अन्यत्र जान पर्दैन, हामीले सेवा दिने अवसर पाउँछौं।” नेपालमा स्थायी शिक्षक एक लाख सात हजार, राहत ४० हजार, पाठ शिक्षक ४० हजार, विद्यालय कर्मचारी ३६ हजार, निजी स्कुलका शिक्षक एक लाख ५० हजार र पूर्व शिक्षक ३० हजार रहेका छन्। यस अस्पतालले सर्वसाधारणको पनि उपचार गर्ने छ। अस्पताल बन्दै गर्दा कार्यविधि बन्ने र शिक्षक कर्मचारीले पाउने सुविधाको बारेमा निर्णय हुने छ।

# दुर्घटनामा दुईको मृत्यु

रासस
दमौली, १८ माघ

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ देउरालीमा सोमबार राति दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा व्यास नगरपालिका-५ बस्ने अनिल बाचे मगर र विकास विक रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

लु १ ख ९८३२ नम्बरको ट्रकबाटठक्करबाटग१८प९२२५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार दुवै जनाको घटनास्थलमा मृत्यु भएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो।

मृतकको शव परीक्षणका लागि दमौली अस्पतालमा राखिएको छ । ट्रक र चालक प्रहरी नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ।

# कोभिड रोक्न माक्स बोकेर सडकमा

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १८ माघ

माक्स नलगाई नागरिकहरु सडकमा हिड्न थालेपछि जिल्ला रेडक्रस सोसाइटी स्याङ्जाले माक्स वितरण अभियान शुरु गरेको छ।

सडकमा हिड्ने नागरिकका कारण समुदायमा कोरोना संक्रमण फैलिनबाट रोक्न रेडक्रसले यो अभियान शुरु गरेको हो । 'तपाईको माक्स खोई ?' भन्ने नारा सहित माक्स नलगाई पैदल यात्रा र सवारी साधनमा यात्रा गर्ने नागरिकलाई निशुल्क माक्स वितरण गर्दै दैनिक माक्स प्रयोग गर्न रेडक्रसका अभियान्ताहरु र नेपाल प्रहरीले सुझाएका थिए। नेपाल रेडक्रस सोसाईटीको कोभिड प्रतिकार्य योजना अनुरुप सडक र सवारी साधनमा माक्स नलगाई हिड्ने नागरिकलाई माक्स लगाउन बानी पार्ने उदेश्यले यो अभियान शुरु गरेको रेडक्रस स्याङ्जाले जनाएको छ । जिल्लामा केही दिनयता कोरोना संक्रमण बढ्न थालेको छ । समुदायमा कोरोना संक्रमण नफैलियोस भन्ने उदेश्यले जिल्ला रेडक्रस सोसाइटी स्याङ्जाले राजमार्गका बजारहरुमा निशुल्क माक्स वितरण गरेको जिल्लाका सभापति दिनेश अर्याललले बताए । एकहप्ता सम्म बजार क्षेत्रमा माक्स नलगाई हिड्ने नागरिकलाई निशुल्क माक्स वितरण गर्ने योजना रहेको छ अर्याललले भने,' माक्स लगाइएर हिड्ने बानीको पनि विकास हुने र कोभिड न्युनिकरण पनि हुने विश्वास लिएका छौं ।' पहिलो दिन फेदिखोला, पुतलीबजार, भीरकोट, वालिङ र गल्याङ्का बजार क्षेत्रमा माक्स वितरण गरिएको सभापति अर्याललले बताए । मानिसहरुको बढी चाप राजमार्गमा हुनेभएकाले माक्स वितरण गरेर सन्देशमुलक अभियानको थालनी बजार क्षेत्रबाट शुरु गरेको रेडक्रस स्याङ्जाको भनाई छ । एकै दिन माक्स नलागाएर हिड्ने १ हजार नागरिकलाई माक्स हात–हातमा पुऱ्याएको रेडक्रस स्याङ्जाले जनाएको छ । सिदार्थ राजमार्गमा पर्ने बजार क्षेत्रमा पहिलो प्रथामिकता राखेर यो जनचेतनामुलक अभियान चलाएको सभापति अर्याललले बताए । विश्वरभर माहामारी फैलिएका खबरहरु आएपनि अझै नागरिकले माक्स लगाउनुपर्छ भन्ने मानसिकताको विकास हुन सकेको छैन । जसले गर्दा कोरोना संक्रमण न्युनिकरण गर्न गरेको प्रयास सफल हुन नसकेको बताइएको छ । एकसाता अगाडी जिल्ला कोभिड व्यवस्थापन समितिले पनि जिल्लाका मुख्य बजार क्षेत्रमा माक्स अनिवार्य लगाउन सचेतनामुलक कार्यक्रम गरेको थियो । माक्स नलगाउने व्याक्तिलाई ठामको ठाम कारवाही गरि जरिवाना समेत गरेको थियो । वालिङमा भएको निशुल्क माक्स वितरणमा जिल्ला रेडक्रसका उपमन्त्री खगेन्द्र अर्याल, बिष्णुप्रताप खाँण र आजिवन सदस्य कल्पना अर्यालको सक्रियतामा वितरण गरिएको थियो । नेपाल प्रहरीले यस कार्यमा सहयोग गरेको थियो। एकसाता सम्म यो क्रम जारी रहने उपमन्त्री अर्याललले बताए।



# कालोपत्रमै अल्झियो बलेवा विमानस्थल

पोखरापत्र संवाददाता
बागलुङ, १८ माघ

बागलुङको बलेवा विमानस्थलको धावनमार्ग अझै कालोपत्र हुन नसकेको छैन । २०७७ फागुनमै हुनुपर्ने विमानस्थनको धावनमार्ग कालोपत्रको काम पटक-पटक प्रभावित बन्दै आएको छ।

गत असारमै कालोपत्र सम्पन्न गरी सञ्चालनमा ल्याउने लक्ष्य रहेको विमानस्थलको धावनमार्ग कालोपत्रको काम दुई पटक म्याद थप्दा समेत अझै सम्पन्न भएको छैन । विसं २०७७ फागुन महिनाभित्र विमानस्थलको ७०० मिटर लम्बाइ तथा ३० मिटर चौडाइ धावनमार्ग कालोपत्र गरिसक्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले काष्ठमण्डप उमा एण्ड कम्पनी जेभी, बल्खुसँग रु सात करोडमा ठेक्का सम्झौता गरेको थियो।

विमानस्थलको काम २०७८ माघ १५ सम्म अन्य पूर्वाधार निर्माण भए पनि धावनमार्ग कालोपत्र भने हुननसकेको हो । निर्माणको जिम्मा पाएको सो कम्पनीका प्रतिनिधि वासु थापाले कोरोना महामारी र वर्षाका कारण कालोपत्रको काम पटक-पटक प्रभावित बनेको भन्दै आगमी फागुनभित्रै काम सम्पन्न गरी हस्तान्तरण गरिने दाबी गर्नुभयो।

"कोरोना मुख्य कारण हो, कोरोना कम हुनासाथ काम थाल्छौं, पानी परेर सडक बन्द हुन्छ," थापाले भन्नुभयो "कालोपत्र गर्ने कच्चा सामग्रीको प्लान्ट खोज्नै एकवर्ष लाग्यो, अहिले प्लान्ट तयारी छ, सडक समेत सञ्चालनमा छ तर मौसम खुलेको छैन, विमानस्थलको कालोपत्र बाहेक अन्य काम एकवर्ष पहिलै सकिएको हो, अबको दुई हप्तामा काम सुरु हुन्छ, सरासर भए १० दिनमै कालोपत्र सक्छौं।"

धावनमार्ग कटिङ, नाली तथा तारबार एक वर्ष पहिल्यै सकिएर धानवनमार्गको ग्राभेल समेत सम्पन्न भइसकेको छ। कोरोना महामारी र मौसमका कारण धावनमार्गको कालोपत्र गर्न समस्या भइरहेको नेपाल नागरिक उड्डयन प्राधिकरणका प्राविधिक मीनराज ओझाले जानकारी दिनुभयो । ओझाका अनुसार ठेकदारका कारण नभएर कोरोना महामारी र मौसमका कारण कालोपत्र गर्न नसकिएको तर अब फागुनभित्रै कालोपत्र गर्ने तयारीमा निर्माण व्यवसायी रहेको छ।

करिब २६ वर्षदेखि बन्द अवस्थामा रहेको सो विमानस्थल बागलुङ नगरपालिकाको संयोजनमा २०७४ चैत ९ गतेबाट पुनः सञ्चालनमा आएको थियो । नेपाल एयरलाइन्स तथा तारा एयरलाइन्सका जहाजले केही महिना उडानसमेत भरेका थिए तर अहिले विमानस्थल बन्द छ । बागलुङ नगरपालिका-१४ नारायणस्थानमा सो विमानस्थल छ। हवाई सेवा नियमित भएमा बागलुङ जिल्लाका साथै पर्वत र म्याग्दीका जनतालाई समेत सुविधा पुग्ने बताइएको छ।

कालीगण्डकी करिडोरसँग जोडिएको विमानस्थल पुग्न बागलुङ बजारदेखि जम्मा १२ किलोमिटर सडक कच्ची छ । मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर कालोपत्र हुनसकेमा विमानस्थल सञ्चालनका लागि यात्रुको अभाव नहुने बताइन्छ।

# गण्डकी प्रदेश चरा पर्यटनको गन्तव्य

-वासुदेव पौडेल
पोखरा, १८ माघ(रासस)

"घट्दै छन्, रुख छैन आश्रय तथा पाइन्न खाने फल
छैनन् जङ्गल बस्नलायक घटे तिम्रा सुरक्षास्थल
घट्दै सन्तति लोपउन्मुख हुने पीडा छ छातीभरि
चारो खोज्न अनेक जोखिम बढे बाँच्छ्यौ चरी के गरी।"
(वासुदेव पाण्डेय, बाँच्छ्यौ चरी के गरी)

तालैतालको बगैंचा शहर लेखनाथका खास्टे, दिपाङ र न्युरेनीमा विगतमा जस्तो जलचरा अहिले देख्न पाइन्न । विश्वसम्पदा सूचीमा सूचीकृत ती ताल वरपर रहेका सिमसार क्षेत्र सङ्कटमा पर्दै गएपछि त्यहाँका चरा गुँदेतालतिर सरेका छन् । सिमसार क्षेत्र सङ्कटमा पर्दै गएपछि वर्षेनी जलचराको सङ्ख्या घट्दै गएको छ । पोखराकै जलचरा पर्याप्त पाइने फेवातालमा पनि वर्षेनी जलचराको सङ्ख्या घट्दो छ । फेवातालको सिमसार क्षेत्रको जग्गाको झण्डै ९५ प्रतिशत व्यक्तिका नाममा भएका कारण पनि सिमसार लोप हुने अवस्थामा पुगिरहेको पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरे बताउनुहुन्छ । पोखरामा हालै गरिएको जलपक्षी गणनाबाट पनि सिमसार क्षेत्र जोखिममा पर्दै जाँदा चराको बासस्थान नै परिवर्तन हुन थालेको पाइएको हो । नेपालमा सन् १९८७ देखि बर्सेनि नियमित रूपमा जलपक्षी गणना गरिँदै आएको छ। सन् २००४ देखि कास्कीको पोखरा उपत्यकामा नियमित आधिकारिक गणना र अभिलेख राखिएको घिमिरेले जानकारी दिनुभयो। प्रत्येक वर्ष ग्रेगोरियन पात्रोको जनवरी पहिलो हप्तादेखि तेस्रो हप्तामा जलचरा गणना गरिन्छ। चराको बासस्थान सिमसार क्षेत्रका संरक्षणमा स्थानीय चासो पुगोस् भन्ने उद्देश्यका साथ स्थानीयवासीका साथै जनप्रतिनिधिसमेतलाई आमन्त्रण गरिएको थियो । यस वर्ष पुस १७ - माघ ५ (जनवरी १-१९) सम्म विश्वभरका साथै नेपालका ६० भन्दा बढी तालतलैया र नदीका भागमा जलचराको गणना गरिएको गणनाका क्षेत्रीय प्रतिनिधि घिमिरेले जानकारी दिनुभयो । दक्षिण एसियामै पहिलो पटक वन्यजन्तु पर्यटन भित्र्याउने पायोनियर कम्पनी टाइगर टप्सको चेन होटल टाइगर माउण्टेन पोखरा लजका प्रबन्धक मार्कस कटनका अगुवाइमा सन् २००४ देखि पोखरा उपत्यकामा जलचरा गणना शुरु गरिएको थियो । पछिल्ला वर्षमा केही चरा पथप्रदर्शक, नेपाल पक्षी संरक्षण सङ्घ पोखरा र पोखरा पक्षी समाजका संलग्नतामा जलचरा गणना हुँदै छ। पोखरा र आसपासका विजयपुर खोला, कमलपोखरी, गुँदे, खास्टे, न्युरेनी, दिपाङ, मैदी, वेगनास र रुपा तालमा र दोस्रो दिन फेवातालमा जलपक्षी गणना गरिएको थियो। हालसम्म गरिएको गणनामा पोखरा उपत्यकामा ४६ प्रजातिका जलचरा अभिलेख गरिए पनि वर्षैभरि गरिने अध्ययनमा १०२ प्रजातिका देखिएको छ।

पछिल्ला वर्षमा ताल संरक्षणका नाममा जथाभाबी बाँध निर्माण गर्ने क्रमले पनि सिमसार क्षेत्र सङ्कटमा परिरहेको सरोकार पक्ष बताउँछ। लेखनाथको मैदी तालमा बाँध तयार भएसँगै धान खेत मात्रै बाँकी रहेको र सिमसार क्षेत्र प्रभावित भएको देखिएको छ।

रुपातालमा पनि बाँध बन्ने क्रममा रहेको र त्यसले सिमसार क्षेत्र पुर्ने देखिएको घिमिरेले बताउनुभयो ।पछिल्ला वर्ष चराको संरक्षणका लागि विभिन्न पहल भएका छन्। संस्थागत रूपमा सरकारले नै लाटोकोसेरो, गिद्ध, डाँफे आदि चराको संरक्षणका लागि गुरुयोजना तयार गरी काम अघि बढाइएको छ।

# म्याग्दीमा यसवर्ष ६ नयाँ कुष्ठरोगी भेटिए

पोखरापत्र संवाददाता
म्याग्दी, १८ माघ

म्याग्दी जिल्ला कुष्ठरोगका जोखिममा रहेको पाइएको छ । जनस्वास्थ्यको समस्याका रूपमा छैन भनेर दशकअघि नै उन्मूलनको घोषणा गरिए पनि यस वर्ष जिल्लामा ६ नयाँ कुष्ठरोगी भेटिएका छन्।

६९औं कुष्ठरोग तथा उपेक्षित रोग दिवसका अवसरमा बेनीमा हालै आयोजित कार्यक्रममा गत वर्षका नियमित औषधि सेवन गर्ने तीन र यस वर्ष नयाँ ६ जना गरी नौजना कुष्ठरोगी पहिचान गरिएको स्वास्थ्य कार्यालयका परिवार नियोजन सुपरभाइजर गणेश सुवेदीले जानकारी दिनुभयो । जिल्लामा हाल औषधि सेवन गरेका रोगीमा बेनी नगरपालिकामा तीन, रघुगङ्गा , मालिका र अन्नपूर्ण गाउँपालिकामा एक /एकजना छन्। गत आवमा एकभन्दा बढी कुष्ठरोगी भएको देशैभरका ११ जिल्लामा म्याग्दीसमेत परेको छ। जिल्लमा अन्य पालिकाको तुलनामा बेनी उच्च जोखिममा रहेको पाइएको छ। गत आवमा निको भएका नौजना बिरामी नै बेनीको रहेको सुपरभाइजर सुवेदीको भनाइ छ।

जिल्लामा भेटिएका रोगीको सङ्ख्याका आधारमा गण्डकी प्रदेशभित्र कुष्ठरोगका धेरै बिरामी भएको जिल्लामा पर्ने स्वास्थ्य कार्यालयले जनाएको छ । प्रदेशमा १० हजार जनसङ्ख्यामध्ये उपचारमा रहेका जिल्लामा सबैभन्दा धेरै १ दशमलव १८ रहेको तथ्याङ्कले देखाएको छ । त्यस्तै प्रदेशमै प्रतिएक लाख जनसङ्ख्यामा पत्ता लागेको नयाँ बिरामी दरमा म्याग्दी ६ दशमलव ३३ छ । म्याग्दीका जनस्वास्थ्य कार्यालयका प्रमुख एकनारायण लम्सालले एक प्रतिशतभन्दा माथि कुष्ठरोगी भएको जिल्लालाई जोखिममा राखिएको बताउनुभयो । प्रत्यक्ष उपचार नगराएसम्म रोग निको नहुने भएकाले कुष्ठरोगी स्वास्थ्य संस्थाको सम्पर्कमा आउनसमेत उहाँले अनुरोध गर्नुभयो।

समाजमा बहिष्कृत हुने त्रासले अझै ग्रामीण क्षेत्रमा रोग लुकाउने गरिएको बताउँदै जिल्लाका सबै स्थानीय तहमार्फत कुष्ठरोगबारे जनचेतनामूलक कार्यक्रमसहितका अभियान सञ्चालन गर्न आवश्यक रहेको छ। कतिपय रोगीले सामाजिक बहिष्कार र वंशानुगत रोगका रूपमा बुझ्दा रोकथाममा समस्या परेको स्वास्थ्यकर्मीको भनाइ छ। यसैबीच जिल्ला गत वर्ष एडिस जातको लामखुट्टेको टोकाइबाट सङ्क्रमण फैलिने डेङ्गुका २००, यस वर्ष ४० जना बिरामी र किर्नाबाट सर्ने स्क्रब टाइफस परजीवीको सङ्क्रमणबाट गत वर्ष ५० र यसबर्ष १४ जना पोजेटिभको उपचार गरिएको छ।

# सहँला फाँटमा सामूहिक कागती खेती

-तारानाथ आचार्य
बागलुङ, १८ माघ(रासस)

तीन वर्षपहिले लगाइएका कागतीका बिरुवा फुल्न थालेका छन् । चासो कृषक समूहका सदस्य र कर्मचारीहरूलाई अहिले बिरुवाको गोडमेल, सिँचाइ र मल दिनका लागि भ्याइनभ्याई छ। दिन दुई गुना र रात चौगुना गर्दै हुर्किरहेका बिरुवामा फूल फुल्न थालेपछि किसानमा उत्साह बढेको छ। यसैवर्ष फल निस्कने आशामा रहेका किसानले आउँदो हिउँद याममा भने धेरै थोरै कागती उत्पादन हुने आशङ्कामा छन्।

बागलुङ नगरपालिका-१४ अर्माहका ४३ किसानको वडा नं १२स्थित अमलाचौरको सहँला फाँट अहिले आशाको बारी बनेको छ । उक्त समूहमा आबद्ध ती कृषकले आफ्नै मिहिनेत बमोजिम फल्ने फलबाट समृद्धिको सपना देख्न थालेका छन् । सयौं मुरी धान हरेक वर्ष फल्ने खेतमा किसानहरू कागतीबाट कृषिमा प्रगति खोजिरहेका हुन् । रु २० लाख लगानीबाट सुरु गरिएको कागतीको व्यावसायिक खेतीमा रु ६० लाखभन्दा बढी लगानी भैसकेको छ । तीनसय रोपनीभन्दा धेरै जमिनमा चार हजार बिरुवा हुर्किरहेका छन् । तीन वर्ष समय खर्चेर लगाइएका बिरुवामध्ये एक तिहाइ बिरुवामा फल लाग्ने बेला भयो भने अर्को एक तिहाइ दुईवर्षे बिरुवाले पालुवा फेर्दैछन्।

यहाँका किसानले थालेको व्यावसायिक कागती खेतीमा सहयोग गर्ने र देखासिकी गर्नेहरूको आँखा लाग्न थालेको छ। अनुदान र सहयोगका लागि सरकारी निकाय पनि अहिले त्यहाँ पुगेका छन् भने देखासिकी गर्न जिल्लाभित्र र बाहिरबाट किसान तथा प्राविधिकहरू आउने गरेको समूहका अध्यक्ष केशवप्रसाद सुवेदी बताउनुहुन्छ । केही दिनपहिला पोखराका कृषि प्राविधिकहरूको समूह सहँलाको फाँटमा पुग्यो । त्यहाँ हुर्किएका बिरुवा र फूल लागेको देखेपछि उनीहरूले अहिलेको फूल झरे पनि जेठ महिनादेखि लाग्ने फूलबाट फल लाग्ने आशा देखाए। चितवन, मकवानपुर र कास्की र बागलुङ जिल्लाकै विभिन्न ठाउँबाट हरेक महिना कृषि समूह र कृषि प्राविधिहरू सहँलाको फाँट पुग्ने गरेका अध्यक्ष सुवेदीको भनाइ छ। "कोही आएर समूह र व्यावसायिक खेतीको विषयमा जानकारी लिएर जानन्छन् भने कसैले सुझाएर जान्छन्," उहाँ भन्नुहुन्छ, "हामीले थालेको व्यावसायिक कागती खेतीबाट धेरैले सिको गर्ने भएका छन्।"

सरकारी अनुदानमा आशा नराखी आफैंले लगानी गरेर व्यावसायिक खेती थालेका किसानले पछिल्लो पटक सरकारी निकायको साथ पनि पाउन थालेका छन्। रु एक लाखको बिरुवा ढुवानीका लागि अनुदान दिएको नगरपालिकाले रु तीन लाख खर्चेर फार्मसम्म पुग्ने सडक बनाई दिएको छ।

गत आर्थिक वर्षमा कृषि ज्ञान केन्द्रले कृषि उपकरण, मलखाद, पोखरी निर्माण र औजार खरिद लगायतका शीर्षकमा रु १० लाख अनुदान दियो। अहिले सिँचाइका लागि पोखरी छ । कम्पोष्ट मलका लागि प्रविधि र गोडमेल तथा सिँचाइका लागि उपकरण छन्। गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु २० खाल विनियोजन गरेको जनाएको छ।

भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले विनियोजन गरेको बजेटका लागि अर्थ मन्त्रालयमा पुगेर फाइल रोकिएको छ । "कोरोनाका कारण फाइल अर्थमा रोकिएको छ," अध्यक्ष सुवेदी भन्नुहुन्छ, "प्रदेशको बजेटले भण्डारण गृह र सङ्कलन केन्द्रको भवन बनाउने योजना छ।" हरेक वर्ष रु चार करोडको कागती उत्पादन गर्ने लक्ष्यका साथ व्यावसायिक खेती थालेका किसानले फल फल्न थालेको एक वर्षमै लगानी उठाएर मुनाफा कमाउन सक्ने उहाँको जिकिर छ।

समूहमा आबद्ध किसानलाई प्रतिरोपनी रु पाँच हजारका दरले समूहले वार्षिक भाडा पनि दिँदै आएको छ।

# तनहुँसुरको चर्चित चौतारा संरक्षण गरिने

पोखरापत्र संवाददाता
दमौली, १८ माघ

तनहुँको व्यास नगरपालिका-११ स्थित तनहुँसुरमा चर्चित बनेको चौतारा संरक्षण गरिने भएको छ। बीचमा रुखसहित दायाँबायाँ कालोपत्र भएको सडक चर्चित भएसँगै नवआदर्श टोल विकास संस्थाले उक्त चौताराको संरक्षण गर्न लागेको हो।

रुखलाई बीचमा राखेर सडक कालोपत्र गरिएपछि उक्त ठाउँमा घुम्न जाने पर्यटकको सङ्ख्या बढेको छ । त्यसैलाई मध्यनजर गर्दै आज बसेको टोल विकास संस्थाको बैठकले दुई चौताराको संरक्षण गर्ने निर्णय गरेको अध्यक्ष सञ्जय श्रेष्ठले जानकारी दिनुभयो। दुवै चौतारा मर्मत सम्भार र निर्माणका लागि स्थानीय सरकार, सङ्घसंस्था र स्थानीयवासीलाई सहयोगको अनुरोध गरिने भएको छ। "रुखलाई संरक्षण गरी सडक कालोपत्र भएपछि यस ठाउँमा एकाएक पर्यटकको चहलपहल ह्वात्तै बढ्यो, अब रुखलाई संरक्षण गर्दै चौतारी निर्माण गर्छौं," उहाँले भन्नुभयो।

तनहुँसुरमा वनभोजका लागि पर्यटकको आगमन बढ्न थालेको र खानेपानीको समस्या देखिएकाले तीन दिनभित्र खानेपानीको व्यवस्था मिलाउन लागिएको छ। देउराली डाँडाको मुख्यभागमा रहेको ठाउँमा पाँच मिटरको नेपालको झण्डा एक हप्ताभित्र राखिने श्रेष्ठले बताउनुभयो । यसैगरी दुवै चौताराको बीचमा पर्ने क्षेत्रको तल्लो भागमा सार्वजनिक शौचालय एक महिनाभित्र निर्माण गर्ने तयारी गरिएको छ। देउराली डाँडामा उद्यान निर्माणका लागि श्रेष्ठकै अध्यक्षतामा पाँच सदस्यीय गुरुयोजना समिति निर्माण गरिएको छ। सामाजिक सञ्जालमा उक्त सडकले चर्चा कमाएसँगै तनहुँसुर पुग्ने सर्वसाधारणको सङ्ख्या बढेको छ। अन्य दिनको तुलनामा शनिबार सर्वसाधारणको बाक्लो भीडभाड हुने गरेको छ। तनहुँसुरसम्म पुग्ने खड्गकाली मोटरमार्ग सङ्घीय सरकार र व्यास नगरपालिकाको साझेदारीमा कालोपत्र गरिएको छ । उक्त मोटरमार्गको ५.६ किलोमिटर खण्डमा कालोपत्र, पक्की नाला, ग्याबिन जाली र पर्खाल निर्माण कार्य पूरा भएको हो । अब ऐतिहासिक तनहुँसुर दरबारसम्म पुग्न करिब साढे दुई किलोमिटर सडक कालोपत्र हुन बाँकी रहेको छ । हाल व्यास नगरपालिका-११ को रातमाटाबाट ढाँडखोलेसम्म कालोपत्र भएको छ। कूल रु दश करोडको इष्टमेट भए पनि बोलपत्र प्रक्रियामार्फत् ऋषि शक्ति जेभीले रु सात करोड ५१ लाखमा कालोपत्र र पक्की नाला निर्माण गरेको हो । उक्त योजना कार्यान्वयनका लागि सङ्घीय सरकारले ५० प्रतिशत र व्यास नगरपालिकाले ५० प्रतिशत बजेट उपलब्ध गराएको थियो । कालोपत्र सडकमार्फत् अब तनहुँसुर दरबार दमौलीबाट आधा घण्टामा पुग्न सकिन्छ।